नियमन गर्न र यहा व्यवस्था गर्न सभामुख को दायित्व हो भनने कुरा पनि म स्मरण ग्रन चाहन्छु । जहा सम्म मैले पहिला पनि भनेको थिय नीति तथा कार्यक्रम ल्यायो पहिला सिद्धान्त र प्राथमिकताका कुरा आए त्यस वेला पनि मैले भनेको थिय यसमा यति राम्रो भाषण रहेको छ । अहिले हेर्दा पनि राम्रो रहेको छ अहिले मलाई पनि लागेको थियो यो अनुसारको बजेट आउदै र अहिले बजेट कस्तो आयो अझ जति पिडा महशुस हुन पर्ने हो त्यति भको छैन अझ अध्ययन गर्दै जानुस म एउटा कुरा यहा खोल्न चाहन्चु हामीलाइ मुख्य मन्त्रीले बोलायो सभामुख महोदय त्यसमा अर्थ मन्त्री हुनुहुन्थ्यो भौतिक पुर्वाधार मन्त्री हुनुहुन्थ्यो तपआईहरुलाई हामी केहि योजना दिन्छौ २करोडका भनेर उहाले ३- प्रस्तावगर्नु भयो यो भन्ने पर्ने अवस्था भयो ।हामीले भन्यौ तपाइले दिने हामीले लिने तपाई मालिक हामी दाश होईन दास र मालिकको कुरा हुन सक्दैन राष्ट्रिय स्तरमा पनि केहि कुराहरु पोलोटिकल भको छ देश असउहज परिस्थितमा रहेको छ असाधारण परिस्थितमा रहेको छ अहिले सत्ता पक्ष र प्रतिपक्ष भयर लडाई लड्ने भको छैन यदि यो संविधानको अस्मिता रहेन भने राज्य माथिनै प्रश्न चिन्ह लाग्ने अवस्था रहेको छ त्यसैले यो सदनलाई अगाडि बढआउ तपाई मालिक रहामी दाश होईन कुनै पनि शांसद सबै सासंदले योजना दियका छन तपाई सन्तुलित तरिकाले न्यायोचित तरिकाले योजनाहरु हाल्दिनुस हामी यतिलाख उति करोड भन्दैनौ येदि मैले झुट बोलेको छुम भने राजिनामा दिन तयार छु म कहिल्यै झुट बोल्दैन कहिल्यै बेमानी गरेको छैन अनि धेरै तिन जनालाई राखेर म र मेरो संसदिय दलको नेता रणबहादुर रावललाई हामी सबैलाई कोरोनाको कहर रहेको छ राष्ट्रिय राजनिति उथलपुथल रहेको छ त्यसैले जुन सुकै घटना पनि घट्न सक्छ प्रति पक्ष र पक्ष होईन यो देशको अस्मिकताको रक्षाको लागि हामी सबैलै एक ठाउमा उभिन पर्छ सरकार एउटा हो उले परिपक्व ढंगले समाधान गर्न सक्नु पर्छ हामीलाई मिडियाले पनि भने को छ सत्ता पक्षको साथिहरुले पनि भन्ने गरेको छ तपाई कुन पक्षको हो सत्ता पक्ष जो कि पर्तिपक्ष हो गुनासो आको छ कांग्रेस तटस्थ बसेको छ यसको अर्थ छ हामीले तयो राष्ट्रिय लोकतन्त्र रहेको छ हमीले त्योलाई मजबुत बनाउनको लागि त्यो जवाफ दियका हौ कम्न्युष्टको यसमा गम्भिर ध्यान रहेको थियो म यसमा अझ अरु कुरा पनि बक्तिगत अहेल भन्दैन समय आयो भने भनौला त्यसैले हामीले एउटा मुख्य मन्त्री अर्थमन्त्री र यो लेभलमा बसेर सबै सांसदलाई यो ३ बर्ष गो भयो हामीले कांग्रेसलाई भनेको होईन फिगर बढाको हो योजनादिन्छौ सन्तुलित तरिकाले तपाई व्यवस्थापन गर्नु यो बजेट भित्र बसेर यो सदनलाई सहज ढंगले सालिन तरिकाले यो लाई सम्पन्न गरौ यो अधिवेशनलाई भनेर हामीले भनेकै हो र यो योजना बनाउदा जाने वाला रहेको छ किछैन भन्ने कुरा मलाई थाहा हुने छैन हामी मैले पढेको स्कुलमा बजेट १ नम्बरमा थियो त्यो काटेको छ त्यसको लागि पनि धन्यबाद म पढेको गाउको स्कुल १ नमा छ साच्चिकै यहा . प्रचार के गरिन्छ भने भरतको क्षेत्रमा तयोजना अरबौ को छ भन्ने तर ति योजना कहा बाट आएका छन लिष्ट त गरौ अरबौ को छ भन्छन यो पनि आपत्ति रहेको छैन म अझ पनि तपाईहरु योजना माग्न आउदैन तर एउटा सर्बोपक्षिय अधिकार सम्पन्न टोलि गठन गर्न प्रछ सभामुख महोदय यो ठुलो भ्रष्टकरणी हो यो त हाम्रो बिचौलियाहरु लाई राखेर बनाको बजेट हो त्यसमा म दुख ब्यक्त गर्न

चाहान्छु यस्तो पनि बजेट हुने यसमा के छलफल गर्ने मेरो आग्रह रहेको छ सत्ता पक्षका साथिहरुलाई यदि यो असबैधानिक तरिकाबाट आको बजेट पाश गर्ने हो भने हामी कुपात्रको रुपमा हुने छौ भोलि कांग्रेसले यलाई स्विकार गर्दैन अब कोरोनाको कहरको भाषणमा मात्र हो केहि छैन कति बर्ष भयो मान्छेलाई कति बेला खोप लगाउने कस्तो किसिमले लाउने कहा बाट ल्याउने यो प्रदेशको सरकार भन्दा बाहिरको कुरा संघिय सरकारलाई पनि साथमा लियर जाने हो नित त सरकारले केहि छैन भाषण गर्दा खैरि यो मञ्चमा आउदा खेरि रंग मञ्चको जस्तो बनटाको छ मेरो दायित्व के हो कर्तब्य के हो यहा मेरा मा पनि क्रान्तिकारी मुख्य मन्त्री हुनुहुन्छ भन्ने हुन्छ तयो मैले पनि चारवटा मन्दिर पठाईदिय उनिहरुको मा मेरो एउटा पनि मन्दिर परेको छैन उनका २५ वटा मन्दिर परेका छन । रातो किताबहरु कुनैठाउमा करोडौ करोडका मन्दिर रहेका छन हेरौ न रातो किताब त्यसैले कोरोना कहरलाई कति बर्ष यो जोखिम मा छ यो कति बर्षका मान्चेलाई कति बेला लगाउने एउटा सेडुल बनाउने तयो कुरा छैन अब जहासम्म मलाई जे लाग्छ धेरै कुरा यहा समय छैन धान किन्न को लागि यहा यले स्विकृति दिएकलो छ र धान किन्न को लागि कुन तयो कार्यबिधि बनाउन पर्दैन । धान किन्ने सरकारले के को आधारमा त्यसैले त कार्यबिधि बनाउने हो नि ५ वटा बिषयमा आको छ अब त्यसैले गर्दा खेरि नमुनाका क्याम्पसको कुरा उठाको छ तर त्यसको मापदणड के त्यसैले हेर्नुस मलाई के लागेको छ भन्दा खेरि उदयोग कृसिको कुराहरु रहेका छन उद्योगमा कति बजेट छुट्याायको छ कति वटा उद्योगददर्ता भएको छतिनको अवस्था कस्तो छ तिनले के उत्पादन गरेका छन तिनलाई सहजिकरण गर्न र उत्पादक्तवमा प्रेरणा गर्नको लागि हाम्रो दायित्व के हो केहि लेखेको छैन कृषि क्षेत्रको बिकास र बिस्तारको आधुनिकरण गर्ने कृषि क्षेत्रलाई छुट्याको बजेट हेरौ त्यले आधुनिकरण हुन्छ व्यवसायिकरण हुन्छ स्वास्थ्यको कुरा गरौ अहिले हामिल कोभिडको लागि यति रकम छुट्यायौ भनेको छ मुखले छुट्याको छ तर त्यहा रकम व्यवस्थापन हुन सकेको छैन सामादायिक स्कुलकोकुरा गर्ने हो भने त्यहाको स्कुलको अवस्था के रहेको छ अगि पनि यहा कुरा उठ्यो अनलाईन बाट पढ्ने त पढेका छन तर गाउघर का बालाबालिका के छ सामुदायिक बिद्यालयको अवस्था सरकार संबेदनशिल हुन पर्दैन भिकमरी शुरु भको छ कोभिड जस्तो महामारीमा सुप बासिहरु अझ ईन्डियामा . जादै छन ज्यान हत्केलामा राखेर त्यशैले गर्दा यो तर्फ जाने कि नजाने आज अगि पनि कुरा ऊठायो आज हरेक क्षेत्र प्रभावित बनेको छ उद्योग व्यवसाय प्रभावित बनेका छन व्यापारी प्रभावित बनेका छन होटेल वाला प्रभावित बनेका छन होटेल वाला प्रभावित बनेका छन उद्योगमा काम गरेर दिभरि कमायर बेलुका खाने यि सबै प्रभावित बनेका छन सबै कुरा प्रदेश सरकारले गर्नु पर्छ भनेर म भन्दैन तर प्रदेश सरकार यि बर्गको लागि छ भन्ने पनि दैखियको छैन त्यसैले हामीले यहा कुरा त बाषण त हमीले धेरै किसिमले गरेको छौ उता चाहिने कुरा उठायका छौ सभामु महोदय त्यशैले गर्दा खेरि मेरो जहिले चाहना के हो भने आफुले पनि यो प्रदेशमा सरकारलाई यो प्रदेशलाई एउटा ७ वटा प्रदेशको नमुनाको रुपमा अब शुरुवात बाट नै योजना बेचि खाने प्रकृयाबाट हामी यसको अब यो बर्ष त र अब अर्को बर्ष त यो भन्दा धादलि नै हुन्छ बजेटमा यो भन्दा बढि हुन्छ यो त टेलर मात्र हो अहिले यो के

हुन्छ भने पछि रंग मञ्चमा जब वास्तविक सिन लाष्टमा आउछ नि यो त टेलर हो मलाई थाहा थियो यिनि गर्छन यिनिसँग कुरा गर्नाको कुनै छैन कुरा गर्नाका लागि ग्रदिने यो टेलर हो त्यसैले अब अन्तिम ब्रषको हेर्नु यहि प्रबृति रहने हो भने त्यो बजेट त यहा पाश गर्नु पर्छ कि पर्दैन तयो पनि थाहा छैन त्यसैले हाम्रो आग्रह के हो भने हामी बिधि र पद्धति प्रणाली सबै ध्वजा ध्वजा बनायौ यउट  केपि शर्मा वलि जिलाई मातर हामी दोस दिईरहेका छौ त्यसको मतियरको रुपमा हामी पनि हुदै छौ सभामुख महोदय ।  त्यसैले गर्दा खेरि यो पुर्ण रुपमा संवैधानिक रहेको छ यो बजेटले सबै सांसदको आत्मा मा चोट लगाको छ सबै  सांसदको यले अपमान गरेको छ सिंगो सदनको यले अपमान गरेको छ केहि २-जनाको पहु ४छमा यो बजेट बिनियोजन भएको छ बिचौलियाको आधारमा यो बजेट बिनियोज भएको छ समग्र सुदुरपश्चिम बासिको लागि यो बजेट बिषाक्त बजेटको रुपमा रहने छ र त्यसको लागि नेपाली कांग्रेस निश्चित रुपमा आन्तरिक रुपमा भय पनि त्यसको खोज नीति गर्छ हामी चुप लागेर बस्ने वाला छैनौ लागयो तर हामीले आफ्नो भद्रता पनि दैखायौ शालिनता पनि देखायनौ तर तो प्चदो रहेन त्यसैले गर्दा सर्बपक्षिय भोलि सल्लाह गरौ र कमिटि गठन गरौ यदि त्यो हुन सकेन भने कांग्रेसले आफ्नि रुपमा पनि व्यापक अध्ययन गर्ने छ त्यसलाइ सार्बजनिक गर्ने छ त्यसैले यो सिंगो स दनले यो बजेटलाई पाश गर्नु भन्दा अगाढि हामी यसमा स्विकार गर्न सक्दैनौ सत्ता पक्षका आदरणीय साथिहरुलाई पनि म भन्न चाहन्छु सोचेर बिचार गरेर यलाई पाश गर्नु पर्छ यो असंवैधानिक तरिकाले आएको हो भन्ने कुरा राख्दै बिदा हुन्छु धन्यबाद ।

**माननीय बल बहादुर सोडारी**

माननीय सभामुख महोदय म सर्बप्रथम यो नीति र बजेटको नीति तथा कार्यक्रम पाश भय पछि बजेट प्रस्तुत भएको छ र यो बजेटमा पनि राम्रा कुराहरु आएका छन छोटो समयमा अनि अप्ठ्यारो परिस्थितिमा पनि यो सरकारले यो बजेट ल्यएको छ यो बजेटमा धेरै राम्रा कुराहरुमा म समर्थन गर्न चाहन्छु र मन्त्रीहरलाई म सरकारलाई धन्यबाद दिन चाहन्छु र यो बजेट छिटै पाश हुन पर्छ भन्ने पनि मेरो भनाई रहेको छ तर सेद्धान्तिक कुराहरुमा हाम्रा पुर्बबक्ता माननीयहरुले धेरै कुरा भनिसक्नु भएको छ र यसमा रहेका कमिकमजोरिका कुरमा प्रत्येक मन्त्रालयका कुरा र अहिलेका बजेटका कुरा क्षेत्रमा हामिले आफुले माग गरेका बजेटका कुरमा म लाई त लाहेको छ मेरो निर्वाछन क्षेत्रमाप्रसश्त बजेट गको छ यो भन्दा अगाडि का ब्रषहरुमा पनि हाम्रा भौतिक बिकास मन्त्रिहरु पनि यहि हनुहन्छ उहाहरुका  मा 078/077 सम्म हेर्दे आउदा र यहि कुराहरु077 देखि 075/074आएर सम्बोधन भयका थिय तर हामीले आफ्नो क्षेत्रका जनताहरुलाई अलि अहिले बजेट आको छ ल तपाइहरु आशामा रनहुस अर्को ब्रष राम्रो बजौट आउने छ र हाम्रा बिकासका योजनाहरु सफल गर्नु होला भन्ने किसिमका आश्वासन आफ्नो निर्वाछिन क्षेत्रमा दियर आका थियौ त्यसै गरेर यो बर्षमा पनि हामी बजेटबाट भका छैंनौ तर अगिनै धैरै माननीयहरुले बोलि सक्नु भयो हाम्रो उद्योग बन तथा बातावरण मन्त्रालयबाट हामीले सुन्यौ मन्दिर हरु कम बन्न सक्छन तर म वुढो मान्छे हो मेरो हाल्दिय पनि भो भन्नु भको थियो । तर परेन मैले एउटा मन्दिर पनि परेन तर त्यो ढोका भन्दा बडि भैसक्यो न झ्यालमा शिसा छ न

ग्रिल छ त्यो झ्यालमा त्यो ज्याल शुरुमा मा खुलेको झ्याल अहिले सम्म बन्द भको छैन तपाईको 074 मन्त्रीहरुको पनि बेईज्जत गराको छ यो झ्यालले यो सरकारको पनि बेईज्जत गराको छ यो झ्यालले -१० यो झ्याल जसरि पनि बन्द गराउन पर्छ झ्याल बाट१० लाखका २ वटा र ५ लाखको एउटा योजना आको छ मेरो निर्वाछिन क्षेत्रमा र अरु कमजोरी पनि जस्तै हामी माननीयहरुले सोच्नु पर्ने कुराहरु रहेका छन मेरो निर्वाछिन क्षेत्रमा सामाजिक बिकसा मन्त्रालय बाट एउटा बिद्यालय गत बर्षै त्यसको ठेगाना फरक परेको ले हाम्रो नेपाली कांग्रेसको माननीय अम्बि कुमारी थापा र म हामी २ वटै गयर हस्ताक्षर गर्दा पनि मन्त्रीले सामजिक बिकास मन्त्रालय बाट सुधार गरेर पठाउदा पनि अर्थ मन्त्रालय बाट सुध्रेन अनि फ्रिजगयो यो पालि पनि मैले जो बिद्यालय लिष्टमा हालेको थिय त्यो परेन तर कुन योजना काट्ने कसलाई प्राथमिकता दिने भन्ने कुरा माननीहरुले मन्त्रीलाइ सोद्न प्रछ त्यति हुन सकेन उहा पनि नया मन्त्रि बनेर आउनु भको त्यसमा कुनै अब्जेक्सन छैन तर स्वास्थ्य चौकि भवन निर्माणमा २० लाख रुपिया बन्ने गको छ त्यो २० लाख रकमले भवन बन्न सक्दैन । बरु त्यलाई सहरि स्वास्थ्य क्लिनिक केहो त्यसमा परिणत गर्न सकिन्छ बन्ने मान्यता राख्न चाहन्छु र अनरोध गर्न चाहन्छि । त्यसै गरि भौतिक पुर्वाधार अन्तर्गत धेरै योजनहरु मेरो समेटियको छ तर मैले पठाको लिष्टको योजना ७ लाखका रहेका छन ६ लाखका १० लाखका छन अनि ति योजनाहरु भैसकेका योजनाहरु रहेका छन त्यो मन्त्रीले नगरेर सायद झ्याल बाट नै गरियको होला को छ त्यो झ्यालमा बसेको मान्छे तयो पत्ता लगाउन पर्छ यस्ता कुरामा हाम्रोसहमत रहदैन त्यसो भको हुनाले बिशेस गरि मन्त्री ज्युहरु अलि छनाखो भयर यसमा प्रकृयालाइ कसरि हामीले ढाल्न सकिन्छ अगिनै हाम्रो माननीय ज्युले भन्नु भको छ हाम्रो कृषि मन्त्रालय बाट ३ लाखका पोखरिहरु परेका छन मैले मन्त्री सँग आफै भनेको थिय ५ लाख सम्म राख्नु पर्ला पोखरि पहाडका भनेर भनेको थिय अनि उहाको सचिवालय सँग पनि मैले कुरा गरेको थिय तर ३ लाख परेको छ ३ लाखले पहाडमा पोखरि बन्दैन अब यहा १० लाख परेको छ पोखरिमा त्यसैले हेरफेर गर्नु पर्छ ध्यान राख्नु पर्छ जस्तो गत बर्षको ठेगाना बिग्रेको लाई मात्र सुधार्न नपाउने योजनाका नाम बिग्रेकटा तल माथी गर्न पाईदैन भनेर हाम्रा मन्त्रालयका सचिबहरुले बन्नु भको थियो त्यो सचिवहरु सँग तपाईहर सचिवको उसमा जाने हो भने यहाहरु सँग धेरै भन्नु केहि छैन तर नाम बिग्रेका छन वस्ता देउता बन्ने ठाउमा भण्डारी देउता भनेकोछ धारे खोला भन्ने ठाउमा डाडाखोला खानेपानी भको छ यस्तालाइ सुधार गर्ने कि नगर्ने क्याबिनेटमा निर्णय गरेर सुधार्न पनि यहाहरुले सुधआर्न सक्नु हुन्छ यदि सुधार गर्नु हुन्छँ माननीहरुलाई बोलाउनु हुन्छ कुन कुन योजना हुन भनेर म आफ्नै व्यागमा ल्यार आउछु गर्नुस हजुरलाई फुर्सद छैन भने स्वखिय सचिवलाइ भन्नु हामी आउछौ सकिने होईन भने राम्रो हुदैन जस्तो बजेटको बिषयमा धेरै टिकाटिप्पणी उठेका छन यसमा पनि प्रदेश सरकारले बिचार पुर्याउन पर्छ अब यहा योजना आयोग ३ बर्ष पछि बनेको छ र यसको पनि योजना हुदैन योजना आयोग सँग समन्यव गरेर मन्त्री हरुले जान पर्थ्यो कि यहाहरको कुरा हो तर मैले हेरे त्यो शिर्षकमा बहु बर्षे पञ्च बर्षे योजनाको पुर्व फाईल बनाउन पर्ने होला ६०-६२ लाख भन्दा बढि बजेट छैन त्यो सम्भव छ कि छै न यो कुराहरु तपाईहरुले यो सरकारले ध्यान

पुर्यावस    र सुधार ग्रन पर्ने कुरा के हो माननीय हरुले कति सहयोग गर्न पर्छ त्यसमा हामी तयार रहने छे र म त हुन्छ भन्ने सरकारलाई जसरि पनि सहयोग गर्नु पर्छ भन्ने खालको सांसद भको कारणले यो बजेट सफल हुनपर्छ भन्ने शुभकामना ब्यक्त गर्दै बिदा हुन्छु धन्यबाद

**माननीय देवराज पाठक**

माननीय सभामुख महोदय, आज सर्बप्रथम म अस्मिता धामिको निधनको बिषयमा श्रद्धाञ्जली अर्पण ग्रन चाहन्छु र शोकाकुल परिवारमा समवेदना प्रकट गर्न चाहन्छु र यलाइ निर्धम हत्या गरेको मा सभामुख मार्पत सरकारलाई यसमा कडा कारबाहि गरोयस भ्ने मेरो माग रहेको छ अरु ठाउमा पनि बाढिले गर्दा पहिरोले गर्दा डोटि बाजुरा बझाङ लगायतका बाजुरा जिल्लामा जो पिडित हुनु भएको छ तिनलाई क्षति पुर्ति सहित राहतको कार्यक्रम दिउन भन्ने मेरो शुभकामना रहेको छ  मैले त केहि कुरा सोचेको तिय बजेटको सम्बन्धमा अब त्यो कुरालाई त रिपिट गर्न मिलेर केहि कुरा दोहोरिनु धेरै कुरा उहाले भनि सक्नु भको छ त्यहि पनि यो बजेट सर्सीति हेर्दा मत यो पालि खुसि रहेको थिय नया अर्थ मन्त्री आउनु भको छ उसैमा पनि ठकुरी वछन त पक्का हुन्छ भन्ने सोचेको थियो तर बिगतको जस्तै खासै परिबर्तन भएको मैले दैखेको छैन । तर उहाले भन्नु भको थियो कि यस पालिको बजेट फरक आउने छ पटक पटक बार्ता पनि हुन्छन हामीलाई झुटा आश्वाशन पनि दीईन्छ र यहा आज के भयो भने जति जोगि आए कानै चिरेका भने जस्तो यो बजेट कनिका छरियको जस्तो सत्ता पक्षका पनि वेदना रहेका छन र प्रतिपक्षमा उत हामी सधै वेदनामा नै छौ र । हामीले बजेटमा बिगतका बर्षमा रातो किताव पनि जलायौ गत बर्ष बजेट नै बहिस्कार गर्यौ तर के गर्ने सांसदहरु बाट सोखिय सचिव मार्फत बजेट मागिन्छ माननीयहरुका बजेट समावेश गर्नु छैन भने किन त्यसतो बिचौलियाको बजेट समावेश गर्नु छ बने झ्यालबाट बजेट लिने काम हुन्छ भने त्यसपछि यसको के औचित्य रहेको छ । सारा बजेट मन्त्रीहरुको मा देखियको छ अब राहतको नाममा प्रतिपक्ष त छदै छ यहा सत्ता पक्ष पनि पिडित सुनियो र कनिका छरेको बजेटमा त्यसमा के भन्ने हो यो पिछडियको जातीमा पनि कनिका छरेको जस्तो गरेको बजेट मैले पाको  अब अरु को त ५लाखो योजना परेको होला तर मेरो मा उत  १०- भौतिक मन्त्रीकोबजेट के भन्ने हो  पिछ ग्रन पर्ने मा निरन्तरता दिन पर्ने मा १ लाखको बजेट छ दअब त्यलाई स्तर उन्नति ग्रन प्रने १०० कि लाख रुपिया परेको छ १ को बाटोमा .मी.। त्यो दिन भन्दा त नदेको भय हुन्थ्यो किन उ ग्रन पर्यो अब के भने पर्यटन मन्त्री बन मन्त्री सबै हुनुहुन्छ । उनको बजेट त आफै दिन छ बने किन हामी सँग सिफारिस दिने हो एउटा योजना पनि छैन । त्यसैले हामी यो सरकार बिपि कोईरालाको गाईड लाईन अनुसार यो छल्न सकेन कुर्सिको होड बाजिमा नेपाली कांग्रेस गयो आज १५को सरकार आज थर्ड पार्टिको रुपमा हामी पुगेका छौ  ३/२ शाल भयो १६- पुगेको सरकार आज यो सरकारको अवस्था यस्तो देखियको छ  ३/२ भने अहिलेको यो सरकार झण्डै निर्णय कि हामी चागदैनौ किनकि जनताको सर्बोपरि रहेको छ । यो सरकार ५ बर्ष सम्म छलोस राम्रा काम गरोस र लोकतन्त्र गणतन्त्रां सत्ता पक्ष र प्रतिपक्ष पनि बलियो बयो भने लोकतन्त्र हुन्छ तर यहा प्रत्यक्ष रुपले यो देशमा लोकतन्त्र गणतन्त्र दैखियको छ तर यहा साम्यवादि छ साम्यवादी दर्शनामा

पनि राम्रा पक्ष होलान तर यहाविचौलिया मार्फत ससदको बहसको भाषणहरु गरेको कुनै अर्थ नै छैन सरकार ले व्यवस्थापिका कार्यपालिकालाई पनि आफै यहा सम्म कि सरकार हाम्रो समितिमा पनि हाबि भएको छ उनको भन्या अनुसारले हुन पर्ने त्यो समितिमा पठाउनको अर्थ के छ त्यसैले म यहाहरु सँग अनुरोध ग्रन चाहन्छु र बजेट बाट हामी सत्ता पक्षाका र प्रतिपक्षका पनि सन्तृष्ट छैनौ त्यसमा पनि प्रत्यक्ष उम्मेदवारले त चिनेको सम्म स्थानीय सदस्यको क्षतिय कोष भएको छ समानुपातिक उम्मेदवार ले त केहि छैन के समानुपातिक सांसद थपडि बजाउन मात्रा आएका हुन यहा जे गर्नु छ मन परि गर्नुतर शोखिय सचिबबाट योजना दियर देउ भनेर माननीय हरुको अपमान गर्ने काम नगर्नु होला तपाईहरुको यहि अवस्था रह्यो नेपाली कांग्रेसको बहुमतको सरकार ढल्यो २सरकारको यो हाल ३/ रहेको छ म यसमा आज के भनेर मैले सरकार चाहि छलिरहेको छ सरकारको असव्था के छ सरकार यत्रो संसारकै उत्कृष्ट संविधान भनेर ल्याको थियो यलाई भारत र केहि मधेशि दल बाहेक यलाई समर्थन भको छ आज यो सरकारको के हाल छ सरकार प्रमुख राष्ट्र प्रमुख संविधानको पालना गरेको छैन मन्त्री हरु संविधानको पालना गर्दैनन अरको के हाल होला तयोले म एउटा अब आज रोमान्टिक मुड हाल्छु मुझे त अपनाउले लोटा गयरको जनता उहा पे था मेरे कस्मिर उहा पे डिबि जहा आफे पानि कम था मुझे त खुब गर्थि हाला हेर्ने वालि तुझे बतादि यिस बाद कोरोना आया मर्यादा पालकको बारेमा यहाहरु सम्पुर्णलाई भनिसक्नु भको छ य त्यसमा केहि बन्नु छैन सरकार सुन्दैन पशुपति बोल्दैन त्यो ले यो सरकारलाइ सद्बुबुद्धि आवस भन्दै म बिदा हुन्छु धन्यबाद ।

**माननीय कुलविर चौधरी**

माननीय सभामुख महोदय, प्रदेश सरकारको आर्थिक ब्ययको बार्षिक अनुमानित बजेको छलफलको क्रममा यहा उपस्थित भयका छौ र यो बजेटको रातो किताव तयार गर्दा खेरि मन्त्रीहरुलाई साह्रै कष्ट भयोहोला, दु ख भयो होला दुखका साथ यो रातो किताब तयारःभएको छ र मोटो पनि रहेको छ त्यसो भको हुनाले योमोटो कसरि भयो भन्ने यसो बिचार गर्दा खेरि पुरानाकुरा सम्पन्न नहुने र आफु छोड्न पनि नछोड्नेर र नया योजना थपिने र त्यसमा झ्याल बाट छिरेका योजना पनि थपिदै जाने भएकोले यो मोटो भएको रहेछ । अनि यसोहेर्दा खेरि सभामुख महोदय ज्यु आखा बाट आसु २ प्रकारले झर्छ । एउटा दुख लागे पछि र अर्को साह्रै खुसि भय पछि तर मेरो क्षेत्रमा यसपाली योजनाहरु धेरै रहेका छन त्यसो भको हुनाले मलाई खुसि लागेको हुन सक्छ अहिलेको यो बर्षमा १ लाख देखि ५०लाख सम्मका योजनाहरु रहेका छन पहिलो बर्ष २ लाख देखि ७५ लाख सम्मको थियो त्यसपछि तेस्रो बर्ष २३ लाख देखि ६० लाख सम्मको पनि थियो र बिस्तार बिस्तार बच्चालाई कुपोषण लागेको जसरि यसपाली त ५० लाख पुग्यो यसमा म खुशि नै छु । अनि थारु जाति यस्तो जाति हो कोहि आफ्ना घरमा कोहि सदस्यबाहिर छ भने पनि उसको बराबर हिस्सा लगायर उसको हिस्सा उसका आमाबुवालाइ जिम्मा दिने जाति त्यो भको हुनाले बजेट माथि तल माथि गरेको हुदा मलआई खुसि लागेको छ त्यहि भयर मलाई आखा बाट आशु झर्न खोज्छ र अर्को कुरा म सानो छदा खेरि भे डा बाख्रा छराउदा खेरिको सुनाउन चाहान्छु सभामुख महोदय, जतिखेर साना साना थियौ त्यति खेर हामी त

मुसा खाने जाति खेतमा मुसा खन्ने त्यसपछि सिन्का बटुलेर त्यलाई पोल्ने अनि पोलिसकेपछि त्यसको हिस्सा चाहि नाईके ले लगाउने त्यो नाईकेले लगाउदा खेरि अरुलाई टाउको र पुच्छर आफ्नो हिस्सा चाहि फिला र राम्रो पिस आफ्नो अगाडि राख्ने र त्यसपछि अरुको हिस्सा लगाउने जे भय पनि आखिर हिस्सा त लाग्यो नि पुच्चर भय पनि टाउको भय पनि त्यहि भयर म खुसी नै छु अब यो बजेटमा पनि त्यसतै नै रहेको छ अब पहिलो बर्ष देखि अहिले सम्म पनि कार्यान्वयन भको छ न त्यो योजना छोड्छ त्यो आएको आई छ  ज्सतो जदि पुल  अनि पत्थरिया नाला पुल अनि केहि वाटाहरु पनि रहेका छन दति बाटाहरु अब पहिलो बर्ष देखि अहिले सम्म पनि रहेका छन अनि क्रमागत मा गर्दिनुस भनेर अस्ति भर्खरै मैले मन्त्री ज्युबाट सुनेको थिय त्यो बहुबर्षेको लागि हामी स्विकृति गरेर पठाको छुभन्नेकुरा सुनेको छ तर त्यो पुग्ने कहिले हो सायद अर्को बर्ष पुग्छ कि यसै बर्ष पुग्छ थाहा छैन त्यो भको कारणले यो कार्यान्वयन पनि होस र रातो किताब पनि खालि हुदै जावस र पातलो होस पुरनो योजना छोड्दै नछोड्ने नया योजना चाहि थपेर त्यो खालि हुने उसको त्यो भित्र खालि हुन पर्यो नत्र अर्कोबर्ष यत्रो मोटो हुन सक्छ यो किताब त्यसको कारणले यो बजेट माथी अलिकति समान हिसाबले नभको भय पनि केहि चित्त बुझ्दो भको भय राम्रो हुने थियो भन्ने मेरो धारणा रहेको छ । अर्को कुरा महिला स्वयम सेविकाहरुको बिषयमा कुरा गर्दा खेरि हिजो मात्र एक जना राना समुदायका महिला हुन उनले हाम्रो पोसाक भत्ता कहिले पाउने हो प्रदेश सरकारले कहिले दिने हो भन्ने कुरा म सँग सोधिन मैले पोसाक भत्ता सत्ता केहि पनि छैन एकमुष्ठ बार्सिक तपाईहरुले पाउने बिमाको कोषमा जम्मा हुन्छ भन्ने कुरा  अब बिमा सिमा हामिलाई केहि चाहेको छैन सबैको आर्थिक अवस्था सेम हुदैन कसैलाई पैसाको आवश्यकता हुन्छ त्यो पैसा हामीलाई बार्सिक रुपमा बरु १० हजार मात्र भय पनि हुने थियो त्यो बन्दिनु होल भनिन कुरा पनि गर्या थिईन त्यहि भयर मैले सभामुख मार्फत सदनलाई जानकारी गराय र एउटा योजना यस्तोछ रातो किताबमा कार्यालय भवन बनाउने भनेको छ अन्य कुन ठाउको कहाको हो मैले त बेरडाडी नगरपालिकको वडा नम्बर ४ को हो भनरे दिया थिय सायद त्यहि हो कि भनेर यसो हो कि भनेको कञ्चनपुर त कञ्चनपुर कहानेर कञ्चनपुर को कहानेर बनाउनेहो त्यो पनि थाहा छैन अनि अगि केहि माननीय हरुले कुरा उठाउनु भयो झ्यालबाट छिरेको हो कि ढोकै बाट छिरेको हो कुनैयोजना डबल रहेको छ फेरि वडा पनि फरक फरक एउटा माबि बेलडाडि २ नम्वरमा पनि पर्छ र अर्को रोलेश्वरत माबि ४ नम्बरमा पनि त्यहो योजना छ अनि बेलडाडि ४ नम्बर वडामा सर्सस्वति मावि हो अनि रोलेश्वर माबि त्यहा त छदै छैन त्यो भाको रहेछ कहा बाट भयो कसरि भयो र जे भयो सकारले आगामि दिनमा राम्रो सँग कार्यन्वयन पक्ष तिर जावस र जुन बिगत लामो समयदेखि  पछाडि पछ्याउदै आएको योजना कसरि सम्पन्न गर्न सकिन्च त्यतातिर पनि सरकारको ध्यान जावस यदि त्यसतो भयो भने मात्रै बजेट अलि राम्रो छ भन्नु पर्ला नत्र खालि त्यो देखावटि रुपमा केहि योजनाहरु स्ल्याव कट भनेको च त्यसमा एउटा कमसेकम सल्याव ३०लाखले सम्पन्न हुने योजना हो ।  ३५-लाखले यात ह्युम पाईप कल्पट हो त्यो भन्दिनु पर्ने थियो त्यसतो खालको योजना भ १० अनिएको कारणले सरकारको ध्यान जावस आफ्ना २ कुरा यहि अन्त गर्न चाहन्छु धन्यबाद ।

**माननीय दिव्यश्वरी शाह**

माननीय सभामुख महोदय, सरकारले को बजेट ल्याको थियो यसमा हामीलाई लागेको थियो 079/077 नया सरकारले समावेशिले ल्याउछ भन्ने आशा गरेका थियौ । बाहिर चर्चा पनिभएको थियो तर यो रातो किताव आउदा सबैलाइ निराश बनाको छ कस्तो हचुवा तालले यो बजेट प्रस्तुत गर्नु भँयो सबैलाई अनौठो लागेको छ । गत बर्ष मलाई पशुपति मन्दिर देखि चौधरि मिल सम्म २० लाख रुपिया परेको थियो त्यो बजेट त्यसतै फ्रिज भयो यस पाली फेरि पोर शाल १५ लाखको तटबन्दन थियो जो अहिले भर्खर बन्दै गरेको छ मेरो मा परेको थियो त्यो तटबन्धनमा फेरि अहिले १० लाख रुपिया परेको छ कस्तो हिसाबले बजेट पास हुन्छन बजेट आएका छन तर चित्त बुझ्दा बजेट आएनन् भन्ने यहि सदनमा पनि सत्ता पक्ष बाट पनि प्रतिपक्षबाट पनि गुनासा हरु आइराख्या छन र म धेरै कुरा गर्न चाहन्न किनभने सवैले भनि सक्नु भको छ समर्थन गर्ने ठाउ पनि छैन र बिरोध पनि म गर्न चाहान्न । किनभने कति बिरोध गर्ने गत बर्ष पनि हामीले बिरोध गरेको हो यो बर्ष सरकारले आफै बोलायर तपाईको बजेट ल्याउनुस भनेर आग्रह गर्नु भयो हामीले संयमतता पुर्बक बजेट आउछ भनेर आफ्ना योजनाहरु तर्जुमा गरेर प्रत्येक मन्त्रालयमा आफै पुगेर खाममा हालेर बजेट हरु दियका छौ र त्यो बजेटमा भौतिक मन्त्रालय बाट ४८ लाखको योजना मेरो मा गएको छ र कृषिबाट एउटा पनि बजेट गको छैन जो कि कृषि मा २ लाख ५ लाख ३ लाख धेरै भय १० लाखका योजना होलान त्यसतै म आफै गयर पर्यटन मन्त्री ज्युकहा आफैले खाम बुझाको हु तर पर्यटन बाट पनि आएन एउटा योजना पनि आएन अर्को सामाजिक बिकास आफ्नै सँगैको सामाजिक बिकास समितिको सदस्य भको नाताले उहाले काटनु हुन्न होला हाल्दिनु हुन्छ होला भनेर मैले आशा मानेको थिय अब त्यहा त यस्तो भय छ कि अब कम्न्युष्ट हरुले मन्दिर नै नदिने अरे भने अब मन्दिरका उहाहरुको मातहतमा हुन्छ भन्ने हो मैले बनाको पनिछु धेरै कहिलेका सामाजिक बिकास मन्त्रीले शुरुको २० लाखको बजेट मलाइ दिन भको हो मन्दिर ज्सतो बनेको थियो र यसपालि नआउदा म पनि दंग परेको छु यो सदन भित्रको माननीयहरुलाइ यो सरकारले सम्मान गर्न सक्दैन भने अपमान गर्न पनि भयन के कारणले आग्रह गरेर आउनुस बजेट दिनुस थप्नुहोस भनेर भन्नु बयो तर आज बजेटको नाम निसाना छैन र हामी नेपाली कांग्रेसका अनुयायि हरु हौ बिपि को हामी आदर्शमा हामी हिड्ने हो बिर गणेशमानको आदर्समा हामी हिड्ने छौ । कृष्णप्रसाद भट्टराईका ज्ञान र गुण लियर हामी अगाडि बढेका छौ सदन भनेको सरकारको रहुलिया सरकारले गरेको यो ३ बर्ष सम्मको क्रियाकलाप आफैले पनि मननगर्न प्रने हो आज प्रतिपक्ष को सदन हो सरकार ले प्रतिपक्षलाई मौन छन भनेर न सोचनु होला र एउटा कुरा के भनन् चाहन्छुँ भने म सत्ता सरकारको हो सदन प्रतिपक्षको हो प्रतिपक्षको मौन नै आज नेपाल कम्न्युष्ट पार्टि तहस नहस भको कारण नै प्रतिपक्ष को मौन हो मौनता बिष्फोट भयो भने जेपनि हुन सक्छ त्यसकारणले हाम्रो मौनतालाई अन्याथा नसम्झेर समाबेशि हिसाबले अगाडि बढौ यो सरकारको सफलताको कामना गर्छु र बजेटलाई म समर्थन गर्दैन किन बने आएको छैन भने समर्थन गरेर के काम भयो र जुन बेला मैले २० लाख रुपिया मागेको थिय हाम्रो प्रयटन मन्त्रि माया भट्ट ज्युले मैले

मागेको बजेट हाल्देको हुनाले उहा प्रति आभार ब्यक्त गर्न  चाहान्छु सम्मान गर्न चाहन्छु उहालाई त्यो दिन कहिले पनि बिर्षने छैन भनेर म प्रकट गर्ने छु पुर्ब मन्त्री हुनुहुन्छ र मेरो जो आवश्यकता रहेको थियो जसमा मेरो ईज्जत गासियको थियो त्यो मैले पाउदा मलाई खुसि लागेको छ त्यो भको कारणले उहालाई म धन्यबाद दिन चाहन्छु र अहिलेको मन्त्री ले मैले आफैले दुख गरेर यो उमेरमा पनि मन्त्रीको घर घरमा जादा कसैसँग भेटौ भयो कसै सँग भयन तर त्यो एउटा बजेट नहाल्दा त्यो मलाई

माननीय सुशिला बुढाथोकी

माननीय सभामुख महोदय, कहिले सम्म हाम्रो छोरी बेटि असुरक्षित भएर हिड्नु पर्ने कहिले सम्म हामीले छोरी बहिनि बिहान हिडेको छोरी घर आऊछ कि आउदैन भनेर कहिले सम्म बस्नु पर्ने यो म सरकारलाई अनुरोध चाहन्छु अहिले हामी माननीयहरु भै सैसकपछि कति अस्मिताहरुको ज्यान गैसकेको च त्यसता नर पिचासहरुलाई हाम्रो समाजले गरेको छ र हमी टुलुटुलु हेरिरहेका छौ हमीले केहि गर्न सकिरहेका छैनौ । सभामुख महोदय हाम्रो कानुनले त्यसतो ब्यबस्था गरेको छैन तर पनि मे के भन्न चाहान्छु भने हाम्रो कानुन शंशोधन गरेर पनि यस्ता नर पिचासहरुलाई मृत्यु दण्ड दिन पर्छ भन्नेकुरा पनि म भन्न चाहन्छु र अस्ति डडेल्धुरामा जुन आफ्नो यो कोभिड महामारी सँग  आप्नो ज्यानको प्रभाह नगरिकन कर्मठ क्षेत्रमा गै रहेको एउटा अस्मिता धामी बहिनिको त्यस्ता नर पिचासहरुले हिडिरहेको अवस्थामा निर्मतता पुर्बक हत्या गरेको छ र मृतक पर्ति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र उहाको परिवार प्रति समदेना बक्त गर्न चाहान्छु र उहाको क्षति पुर्तको माग गर्न चाहन्छु र उहाको साना नाबलक नानी हरुको भविष्य प्रति हाम्रो प्रदेश सरकारको ध्यान जावस भन्न चाहान्छुर हामी हिजोबाट को बजेटको छलफलमा गरिरहेका छौ र यहा धेरै माननीयहरुले 079/078 छलफल गरि सक्नुभएको छ यो बजेटमा र मैले पनि यो बजेटमा केहि कुराहरु भन्न चाहेको  यो अहिले जुन हाम्रो नीति तथा कर्यक्रम अन्तर्गत जुन बजेट आएको छ त्यो बजेट समग्रमा हेर्ने हो भने यो प्रदेशका जनताको हितमा रहेको छ र सरकारले ल्याको यो बजेटमा म सर्थन गर्न चाहान्छु र धन्यबाद पनि दिन चाहन्छु । र समग्रम हेर्दा खेरि  यसमा नीति गत त्रुटिहरु मैले देखेको छु किनबने अब मन्त्रालय अन्तर्गत सबै मन्त्रालयहरु सबै यकै खालको बजेट छ भन्न म भन्दिन किनभने बजेट बनाउने सन्दर्भमा अहिले अब यो परिस्थिले गर्दा पनि हुन सक्छ किनभने सरकार बन्न नै ढिला भयो सरकार बनेको लगतै हाम्रो नीति तथा कार्यक्रम आउन पर्ने बजेट बनाउन प्रने बिबिध कार्यक्रम हरु भको कारणले गर्दा खेरि हुन सक्छ बजेट भने जस्तो नभयर त्रुटि पुर्ण होला भन्ने मैले महशुस गरेकि छु र मैले के भन्न चाहन्छुँ भने बजेट सन्तुलित भको छैन बजेट सन्तुलित भको भय राम्रो हुने थियो सबै ठाउमा बराबर भै देको भय सबै माननीयहरुले भनेको जस्तो भैदेको भय माननीय अनुसाको राम्रो हुने थियो तर त्यसतो किसिमकि बजेट नभको मैले महशुस गरेको छु बजेट सम्बोधन गर्न खोज्नु भको छ तर पनि खोज्दा खोज्दै सबैको चित्त बुझाउनु भयो होला माननीयहरुले पनि धेरै बजेट परेको भयर होला बजेट परेको र पैसा कम भएको र पिच बाटो भनेको त्यसमा १० लाख रुपिया छ र ५ लाख रुपिया छ त्यसतो पैसोले कति पिच हुनेहो त्यस्तो पैसोले कति हुने हो त्यसमा ध्यान नपुगेको हो भन्न चाहान्छु

र अर्को कुरा के भन्न चाहन्छु भने अब सामाजिक बिकास मन्त्रालयले अब अहिले कोभिडको महामारीको कारणले धेरै बजेटको लगानी महामारीमा गर्न पर्ने भयर पनि होला लगानी गर्न प्रने पुर्ब तयारी गर्न पर्ने हाम्रो माग पनि हो पुर्ब तयारी हुन पर्यो जनताको ज्यान धनको सुरक्षा हुन प्रयो भन्ने हाम्रो माग पनि भको कारणले होला बिकासको कुरा त्यति धेरै बजेट बिकास नगको हुन सक्छ सामाजिक बिकास मन्त्रायले २ कोठे भवन मात्र ४ कोठे हुदैन भनेको तियो त्यो अनुसारले धेरै त होईन अब ३वटा चार ४- कोठेमा पनि गको छ  र भौतिक मन्त्रालयबाट पनि बजेटहरु अलि सन्तुलित नभयर कसैको मा थोरै र कसैको मा धेरै गको छ धेरै नै तलमाथिको बजेट छ र पर्यटन मन्त्रालयको हिसाबमा भन्दा खेरि चाहि अब उहा मन्त्री नौलो भको कारणले पनि होला आफुले व्यवस्थापन गर्न नसकेर पनि होला माननीहरुको लिष्टै पनि नहेरेको जस्तो महशुस भको छ मेरै पनि मैले लिष्ट दियको तर लिष्ट हेरेको भय त एउटा न एउटा बजेट त पक्कै पर्ने थियो होला तर एउटा बजेट पनि परेको छैन । र अब त्यसै गरि  कृषिको हकमा भन्दा खेरि समग्रमा राम्रो बजेट नै ल्याउनुभको छ उहाले अब यो क्षेत्रको गत शालको तुलना अहिले सानो बजेट भय पनि किसानलाई समेट्ने खालको बजेट बनायर ल्याउनु भको छ त्यसको लागि म धन्यबाद दिन चाहन्चु र म अर्कोकुरा के भन्न चाहन्छु भने बजेटको कुरा त धेरै भयो तर हामीले यसको अलि तलमाथि भको कुरालाई मिल्छ भने मिलयार सबैको चित्त बुझायर लैजादा खेरि राम्रो हुन्छँ र अर्कोकुरा के छ भने हाम्रो यहाको कार्यान्वन पक्षको कुरा के गर्न चाहन्छु भने पहिलो बजेटमा त मलाई बजेट नै दियन मेरो मैले दियको दोस्रो बर्ष मा बाटोको बजेटमा २० लाख देको थियो र त्यो २० लाखको बाटोमा त्यो ठेक्का गर्दा खेरि के हुने रहेछ भने २० लाखको बाटो ९ लाखमा ठेक्का गर्ने रहेछ मैले यो प्राबिधिक कुरा धेरै थाहा नभयर पनि होला २० लाखमा ९ लाख दिन्छ भने त्यो ठाउमा २० लाख किन छुट्याउने यदि ९ लाख पाउने हो भने त्यो बाटोमा ९ लाख नै छुट्याउदा हुन्छ नि अनि २० लाखको बाटो ९ लाख रुपिया छुट्यायर ११ लाख फिर्ता गरेर अर्को साल पनि त्यहि बाटोमा बजेट छुट्याउन पर्ने फेरि अर्को शाल पनि त्यो ठेक्का प्रकृयाको के रहेछ भन्ने कुरामा हाम्रो सरकारले ध्यान दिन पर्छ होला भन्ने कुरा पनि मराख्न चाहन्छु र मलाई बजेट चाहि हालै म धेरै खुसि किन छैन भने देखि गत बर्ष मेरो क्षेत्रमा बाटोको लागि छुट्याको रकम आजसम्म बलबल ठेक्का भयो र आज सम्म पनि भको छैन आजै मैले ठेकेदारलाई फोन गरे तपाईहरु बाटो कहिले बनाउनु हुन्छ तपाइहरु जस्तो ठेकेदारले गर्दा हामी नेताहरु बदनाम भयका छौ ठेकेदार कमिसन भन्ने अनि हरेक कुरा हरु भन्ने अनि खाने वेलामा कमिशन खाने कर्मचारीले घुस खाने अनि हामी चाहि जनताको प्रतिनीधि बदनामी हुन परेको छ यो कारणले गर्दा खेरि अहिले धेरै कुरा उठेको छ कमिशनको कुरा अनि विचौलियाको कुरा यदि हामी सबै माननीयहरुले यस्ता बिचौलियाको कुरा अनि हामी के यस्ता कमिशन चिनेका छौ देखेका छौ प्रमाण सहित त्यसतो लाई हामीले सबै मिलेर कारबाही नगर्ने किन हामी बदनाम भयर हिड्ने  किन सरकार बदनाम किन हामी माननीहरु बदनाम हुने आखिर तपाईहामी सबै यो रोष्टमबाट बोलिरहेका छौ कि विचौलिया कमिशन वालाको यहाको योजना परेको छ र बिचौलियाको परेको छ त्यसता बिचौलियाहरु तपाई हामी

सबै मिलेर तिनलाइ कारबाहि गर्ने कमीसन वालालाई कारबाही गर्ने स्थान त होला नि मन्त्रीहरु मिल्नु हुन्न भने हामी माननीयहरु मिलेर त्यस्तालाई कारबाहि गरौ न किन हामी बदनाम हुने हामी पनि कसैको एक रुपिया लियका छौ भने हामी पनि कारबाहिको भागेदार बनौ होइंन भने ति मान्छेलाई साईड लगाउ भन्दै यो बजेटको पुर्ण रुपमा समर्थन गर्दै बिदा हुन्छु धन्यबाद ।

**माननीय सदस्यहरू,**

प्रदेश सरकारको आ.व.२०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथि छलफल गर्न निर्धारण गरिएको आजको समय यही समाप्त हुन्छ । बाँकी छलफल मिति २०७८ साल आषाढ ९ गते दिनको २ बजे देखी हुने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।